दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ६८ | बुटवल | २०८२ फागुन १९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday March 03, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मौन अवधि सुरु

बुटवल । निर्वाचन आयोगले सोमबार रातिबाट सुरु हुने मौन अवधि र मतदानको दिनसम्मको आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्वाचन आचारसंहिता अनुगमन अधिकृतहरूलाई निर्देशन दिएको छ।

आयोगले विज्ञप्ति निकालेर यसबारे जानकारी दिएको हो।

प्रचारप्रसार निषेध अवधिमा सभा, सम्मेलन, अन्तरक्रिया निषेध गरिएको छ।

कुनै पनि माध्यम वा तरिकाबाट गरिने निर्वाचन प्रचारलाई समेत सो अवधिमा निषेध गरिएको छ। सञ्चार माध्यहरूले समेत कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाउने व्यवस्था आचारसंहिताले गरेको छ।

## एकभन्दा धेरै मतदान गरे जरिवाना

बुटवल । निर्वाचन आयोगले एक व्यक्तिले एकपटक भन्दा बढी मतदान गरे २५ हजार रुपैयाँसम्म जरिबाना हुने भएको छ।

आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्वाचन आचारसंहिता अनुगमन अधिकृतहरूलाई निर्देशन दिएको छ।

आयोगले सोमबार विज्ञप्ति निकालेर यस्तो जानकारी दिएको हो।

आचारसंहितामा प्रचारप्रसार निषेध अवधिमा सभा, सम्मेलन, अन्तरक्रिया निषेध गरिएको छ।

कुनै पनि माध्यम वा तरिकाबाट गरिने निर्वाचन प्रचारलाई समेत सो अवधिमा निषेध गरिएको छ।

सञ्चार माध्यहरूले समेत कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाउने व्यवस्था आचारसंहिताले गरेको छ।

## निर्वाचन स्थलमा खटिए पाल्पाका मतदान अधिकृत



**कृष्ण पोखेल**
*पाल्पा*

प्रतिनिधिसभा सदस्य निर्वाचनको लागी पाल्पाका मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सुरक्षाकर्मीहरु मतपत्र सहितका सरसमान बोकी मतदान स्थलमा खटिएका छन् । निर्वाचन अधिकृतको कार्यालयबाट मतदानको लागी चाहिने मतपत्रसहित ६० प्रकारको आवश्यक सामग्री बुझी, रुजु गरी मतदान अधिकृतसहित कर्मचारी, सुरक्षाकर्मीहरु आ-आफ्नो मतदान केन्द्रमा खटिएका छन्।

पाल्पामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा निकै भिडभाड देखियो। फागुन २१ गते हुने निर्वाचनको लागि मतपत्रसहित, मतदान अधिकृत, सहायक मतदान अधिकृत, कर्मचारी, सुरक्षाकर्मीहरु मतपत्रसहित आवश्यक सरसमान बोकेर सहर छोडी गाउँ-गाउँका मतदान स्थलमा खटिएका छन्। मतदान केन्द्रमा खटिएका कर्मचारीहरु उस्साहका साथ मतदानका सरसमान बुझेर सुरक्षाकर्मीको साथमा मतदान स्थलमा लागेका हुन् । मतदान केन्दमा कर्मचारी, सुरक्षाकर्मी, परक केन्द्रका कर्मचारीहरु बैठक बस्ने कार्यविभान गर्ने विभिन्न किसिमका सूचनाहरु टास गर्ने रैनादेवी मावि मतदान केन्द्रमा पाल्पाका ११८ मतदान स्थलका २५३ केन्द्रमा मतपत्र सहित आवश्यक सरसमान लिएर पुगेका छन्।

पाल्पाका अति दुर्गम क्षेत्रका मतदान अधिकृतहरु बिहानै मतपत्रसहितका सामग्री बुझेर मतदान स्थलमा पुगी सकेका छन्। मतदान स्थलमा पुगी सकेपछि मतदान केन्द्र बैठक गर्ने, मतदान स्थलका अन्य केन्द्रहरुसँग पनि सामूहिक बैठक बस्ने, मतदान स्थलमा विभिन्न प्रकारका सूचनाहरु टास गर्ने, सर्बदलिय बैठकको लागि स्थानीयस्तरमा रहेका राजनीतिक दलहरु पत्राचार गर्ने काम गर्ने मुख्य निर्वाचन अधिकृतको कार्यालय पाल्पाका प्रवक्ता सहायक निर्वाचन अधिकृत केशव पराजुलीले बताए।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले पाल्पाका दुई वटै निर्वाचन क्षेत्रका ११८ मतदान स्थलको २५३ मतदान केन्द्रमा पुगेर सर्वदलिय बैठकसहित निर्वाचन आयोगले तोकेका निर्वाचनसम्बन्धी विभिन्न किसिमका सूचना टास्ने छन् । पाल्पाका दुई वटै निर्वाचन अधिकृतको कार्यालयदेखि टाढाका मतदान केन्द्रहरुमा बिहानै, मध्यम दुरी भएका मतदान केन्द्रका कर्मचारी लाई दिउँसो र नजिकका मतदान केन्द्रका कर्मचारीलाई अन्तिम मत्रपत्र वितरण गरिएको छ। पाल्पाका ११८ वटै मतदान स्थलका २५३ वटा मतदान केन्द्रमा फागुन १८ गते नै सुरक्षाकर्मीको साथमा मतदान अधिकृतसहित कर्मचारी पुगी फागुन २१ को निर्वाचनको आवश्यक तयारीमा जुटेको पाल्पाका मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्याय पंगेनीले बताए।

पाल्पाको दुई वटै निर्वाचन क्षेत्रमा मतदान अधिकृतसहित कर्मचारी, सुरक्षाकर्मीहरु उत्साहित हुँदै मतदान स्थलमा खटिएका छन्। फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण सम्पन्न गराउन मतदान स्थलमा पुगेका कर्मचारी सुरक्षाकर्मीहरु सक्रिय रहेका छन्। पाल्पाको क्षेत्र नम्बर १ मा ५२ मतदान स्थलमा १ सय १७ केन्द्र रहेका छन् भने क्षेत्र नम्बर २ मा ६६ वटा मतदान स्थलमा १ सय ३४ केन्द्र रहेका छन्। दुवै क्षेत्रमा गरी कुल २ लाख ७ हजार ४ सय ३६ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्दैछन्।

निर्वाचनको सुरक्षाका लागि ७ सय ५१ नेपाल प्रहरी र १ हजार ४ सय १३ म्यादी प्रहरी परिचालन गरिएको छ। सशस्त्र प्रहरीको १६ वटा मोबाइल टोली र नेपाली सेनाको ४ वटा सि ओवि, १० वटा पिओवि र सबै मतदान स्थलमा एसओवि परिचालन भएका छन्। दुई सिटका लागि ३० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेकोले पाल्पामा अब सबैको ध्यान फागुन २१ को मतदानतर्फ केन्द्रित भएको छ।

# ‘मौन अवधि मतदाताले अन्तरआत्माले निर्णय गर्ने अवसर’



**लुम्बिनी संवाददाता**
*बुटवल*

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचनको व्यवस्थापन र कर्मचारी खटनपटनका सबै काम सम्पन्न भएको छ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि निर्वाचनको व्यवस्थापन र कर्मचारी खटनपटनका सबै काम सम्पन्न भइसकेको जानकारी दिए। उनका अनुसार मतदान अधिकृतहरु मतदान केन्द्र र स्थलमा गइसकेका छन् । मतदानको प्रक्रियाका लागि आवश्यक सामग्रीहरू पनि पुगिसकेका छन्।

निर्वाचनका लागि आयोगले ४ फागुनदेखि १८ फागुन (सोमबार) सम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरेको थियो । सोमबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको छ । यो मतदानको प्रक्रिया सुरु भएर सम्पन्न नभएसम्म कायम रहन्छ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मौन अवधि मतदाताले अन्तरआत्माले स्वतन्त्रतापूर्वक निर्णय गर्ने अवसर भएको बताएका छन् । राजनीतिक दल तथा उम्मेदवारको दबाबबाट मुक्त भई मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरको निम्ति प्रचारप्रसार निषेध वा मौन अवधि तोक्ने गरिएको उनले बताए। यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उनको विश्वास छ।

२१ फागुनको निर्वाचनका लागि आयोगले ४ फागुनदेखि १८ फागुन (सोमबार) सम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरेको थियो।

निर्वाचन प्रचार अभियानलाई केवल विजयी हुने साधनका रूपमा मात्र नलिई आम मतदाताको मन जित्ने संस्कारयुक्त प्रक्रियामा परिणत गर्नुपर्ने कार्यवाहक प्रमुख आयुक्त भण्डारी बताउँछन्।

यही मान्यताअनुसार मतदाताहरूले शान्त वातावरणमा बसेर उपयुक्त उम्मेदवार चयन गरुन् भन्ने मनशायमा विश्वव्यापी रूपमा नै मतदान अघिको केही समयलाई प्रचारप्रसार निषेध गर्ने प्रचलन रहेको उनले बताए।

मौन अवधिका लागि तोकिएका आचरण अक्षरशः पालना गर्दा त्यसबाट राजनीतिक दल, उम्मेदवार एवं सरोकारवाला सबैबाट निर्वाचनको स्वच्छता र निष्ठा प्रवर्द्धन गर्न मद्दत पुग्ने उनको विश्वास छ।

प्रचारप्रसार निषेध अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन । मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउन पनि सम्बन्धित दललाई निर्देश गरेको छ।

यो अवधिमा राजनीतिक दल तथा उम्मेदवार, दलका भ्रातृ संगठनहरूले सामाजिक सञ्जालमार्फत् गरेका विज्ञापन तथा निर्वाचन प्रचारप्रसारका सामग्री हटाउनुपर्छ । कार्यवहाक प्रमुख आयुक्त भण्डारीका अनुसार निषेध अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनैपनि माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार सामग्री पोष्ट गरेको पाइए कारबाही हुनेछ।

# विदेशबाट नेपाल फर्किने २८ प्रतिशतले वृद्धि




बुटवल । निर्वाचनअघि विदेशबाट नेपाल फर्कने नेपालीको संख्या २८ प्रतिशतले बढेको छ।

सन् २०२६ को फेब्रअुरीमा १ लाख ४८ हजार ६२३ नेपाली स्वदेश फर्किएका छन्। सन् २०२५ मा यो संख्या १ लाख १५ हजार ५८४ थियो। सन् २०२४ को तुलनमा सन् २०२५ मा सोही महिना ३ प्रतिशतले मात्र नेपाली नागरिकको आगमन बढेको थियो।

सन् २०२५ को तुलनामा भने २०२६ मा नेपालीको आगमन २८ प्रतिशतले बढेको अध्यागमन विभागले जनाएको छ। विभागका अनुसार यस महिनामा विदेशी नागरिकको आगमनमा समेत उल्लेख्यस महिनामा विदेशी नागरिकको आगमनमा समेत उल्लेख्य वृद्धि भएको छ।

फेब्रुअरीमा १ लाख १५ हजार ४४२ विदेशी नेपाल आएका छन्। अघिल्लो वर्ष यसै महिनामा ९६ हजार ८८० विदेशी नेपाल आएका थिए। यस महिनामा नेपाल आउने यात्रु (विदेशी र नेपाली) २४ प्रतिशतले बढेको देखिन्छ।

फेब्रुअरी सन् २०२६ मा कुल २ लाख ६४ हजार ६५ जना नेपाल आएकोमा सन् २०२५ मा यो संख्या २ लाख १२ हजार ४६४ मात्र थियो। सन् २०२४ मा २ लाख ५ हजार २६३ जना भित्रिएका थिए। यसबाट निर्वाचनलाई लक्षित गरी नेपालीहरू स्वदेश फर्किएको संकेत देखिएको छ।

अध्यागमन विभागका अनुसार प्रस्थानतर्फ समेत यात्रु संख्या उल्लेख्य बढेको छ। सन् २०२६ को फेब्रुअरीमा २ लाख ५७ हजार ३६४ जना नेपालबाट प्रस्थान गरेका छन्। २०२५ को सोही महिनामा २ लाख १३ हजार ५५२ जना प्रस्थान गरेका थिए। यसमध्ये १ लाख ४९ हजार ८९५ नेपाली नागरिक प्रस्थान गरेका छन्। सन् २०२५ को फेब्रुअरीमा १ लाख २५ हजार ८६६ नेपाली मात्रै विदेश प्रस्थान गरेको तथ्यांकले देखाएको छ।

यस महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ८० हजार ८६१ रहेको छ। जुन सन् २०२५ को सोही महिनाको तुलनामा ३३ प्रतिशत बढी हो। अघिल्लो वर्ष यस महिनामा ६० हजार १९२ विदेशिएका थिए।



## सम्पादकीय

# कार्की आयोगको प्रतिवेदनबारे आशंका

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका बारेमा छानबिन गर्न गठित आयोगको गठनदेखि नै प्रश्न र आशंका उठेका थिए। आयोगका अध्यक्ष कार्कीले आन्दोलनका क्रममा भएका विश्वंशत्मक घटना र गतिविधिबारे विवादास्पद र पक्षधरता देखाएर सार्वजनिकरुपमै टिकाटिप्पणी  गर्दै आएकाले केही दलले उनको निष्पक्षतामा प्रश्न उठाएका थिए।

आयोगले पाएको म्याद पटक पटक थप्नु तर प्रतिवेदन सार्वजनिक नगर्नुले पनि आशंकाहरु उब्जेका छन्। यसै सन्दर्भमा सर्वोच्च अदालतले समेत जाँचबुझ आयोगले निष्पक्ष प्रतिवेदन दिनेमा आशंका व्यक्त गरेको छ।

अध्यक्ष गौरीबहादुर कार्कीले सामाजिक सञ्जालमार्फत् पहिल्यै धारणा व्यक्त गरेको विषयमै छानबिन गरिनु उचित नहुने भन्दै दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले सर्वस्वीकार्य प्रतिवेदन आउनेमा आशंका व्यक्त गरेको हो।

सर्वोच्चको पूर्णपाठमा भनिएको छ-'जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठित जाँचबुझ आयोगका पदाधिकारीहरुले निष्पक्ष र पूर्वाग्रहरहित भई काम कारबाही गर्नुपर्ने र त्यसरी काम गरेमा मात्र आयोग गठनको औचित्य स्थापित हुने एवं आयोगको प्रतिवेदनको स्वीकार्यता, कार्यान्वयन, र प्रमाणग्राह्यता समेत हुन सक्नेमा आयोगका अध्यक्ष प्रत्यर्थी मध्येका गौरीबहादुर कार्कीले सार्वजनिक रूपमा अभिव्यक्त गरेको धारणाले निजको निष्पक्षता र तटस्थतामा प्रश्न उठाएको देखिए।'

कार्कीलाई पदमुक्त गर्न माग गर्दै दायर गरेको रिटमा अन्तिम आदेश गर्दै पूर्ण इजलासले आफूले पहिल्यै धारणा दिएको विषयमा छानबिन गर्ने कि नगर्ने भन्ने कुरा व्यक्तिको नैतिक विषय भएको ठहर गरेको छ।

न्यायाधीशहरु मनोजकुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेलको इजलासले आयोगले निष्पक्ष प्रतिवेदन दिनेमा शंका व्यक्त गरे पनि कार्कीलाई पदमुक्त गर्न भने अस्वीकार गरेको छ। आदेशको पूर्णपाठमा उल्लेख गरिएको छ, 'प्रत्यर्थीहरूमा आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्त हुन कानूनले तोकेको योग्यता नरहेको भन्ने अवस्था देखिएन साथै, आफूले सार्वजनिक रुपमा अभिव्यक्त गरेको धारणाका विषयमा नै जाँचबुझ गरी प्रतिवेदन दिने जिम्मेवारी स्वीकार गर्ने या नगर्ने भन्ने विषय निजको व्यक्तिगत नैतिकताको विषय देखिएको र यस्तो विषयमा स्वयम् सम्बन्धित व्यक्तिले नै नैतिक बिवेक अनुकूलको निर्णय लिन उपयुक्त हुने देखिन गई निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदन माग बमोजिमको आदेश जारी गरिरहन परेन।'

आयोगका अध्यक्ष कार्कीले आन्दोलनका क्रममा आन्दोलनकारीलाई उक्साउने गरी सामाजिक सञ्जालमा लेखेका थिए। उनले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीमाथि छानबिन हुनुपर्ने, उनीहरुलाई तुरुन्तै गिरस्तार गर्नुपर्ने, विदेश भाग्नबाट रोक्नुपर्ने जस्ता कुरा लेखेका थिए।

सर्वोच्चले यसपटक कार्कीसहितका पदाधिकारीको पद खारेज नगरे पनि आइन्दा छानबिन समिति गठन गर्दा निष्पक्षतामाथि ध्यान दिन सरकारलाई आदेश दिएको छ।

पक्षधरता देखाइसकेका व्यक्तिलाई यस्ता गम्भीर प्रकृतिका छानबिन समितिमा नराख्न सर्वोच्चले भनेको छ। जाँचबुझ आयोगले यसअघि नै काम सके पनि बिहीबार हुने चुनावलाई लक्षित गरेर प्रतिवेदन बुझाएको छैन। प्रतिवेदन आउँदा केही व्यक्तिलाई राजनीतिक रुपमा लाभ हानी हुने आँकलन गर्दै सरकारले अनावश्यक रुपमा म्याद थपेर राखेको धेरैको ठम्याई छ। जेनजी युवाहरुको केही संस्थाले आयोगको प्रतिवेदन फागुन २२ गते सार्वजनिक गर्न माग गरिरहेका छन्।

# स्वच्छ खानेपानीको पहुँच





केदार धमला

*पानी जीवन हो। पानीबिना मानव जीवनको कल्पना नै गर्न सकिँदैन। स्वच्छ र सुरक्षित खानेपानीको महत्व त झन् बढी छ। त्यसैले सहरी मात्र होइन, ग्रामीण भेगका जनताको स्वच्छ र सुरक्षित खानेपानीको अधिकार सुनिश्चित हुने गरी संस्थानले काम गर्न सक्नु पर्छ। ग्रामीण भेगका लाखौँ मानिस स्वच्छ र सुरक्षित खानेपानीको अभावमा अहिले पनि जीवन गुजारिरहेका छन्। यसमा सरोकारवाला सबैले सघाउनु आजको आवश्यकता हो।*

देशका बहरी क्षेत्रमा स्वच्छ खानेपानीको आपूर्ति नेपाल खानेपानी संस्थानले गर्दै आएको छ। यस कार्यका लागि वितरण, व्यवस्थापन र सहज उपलब्धतामा संस्थानले विशेष ध्यान दिँदै आएको छ। संस्थानले कोशी प्रदेशमा भद्रपुर र विराटनगर शाखाबाट सहरी क्षेत्रमा सेवा दिँदै आएको छ। मधेश प्रदेशमा भने राजविराज, लाहान, जनकपुर, जलेश्वर, मलङ्गवा, गौशाला, गौर, वीरगन्ज र कलैया गरी नौ वटा शाखाबाट सेवा दिइएको छ। बागमती प्रदेशमा प्रधान कार्यालय र बनेपामा शाखा मात्र रहेका छन्। प्रधान कार्यालय त्रिपुरेश्वर काठमाडौँबाट भने खानेपानी उत्पादन वितरणको सेवा प्रवाह हुँदैन। गण्डकी प्रदेशमा पोखरा र हेम्जा शाखामार्फत् ठुलो संख्यामा रहेका उपभोक्ताको हितमा सेवा दिँदै आएको छ। लुम्बिनी प्रदेशमा बुटवल, भैरहवा, तौलिहवा, कृष्णनगर, बहादुरगन्ज र नेपालगन्ज शाखाबाट सेवा प्रवाह भएको छ। कर्णाली प्रदेशमा कुनै पनि शाखा छैन। सुदूरपश्चिम प्रदेशमा धनगढी र महेन्द्रनगर शाखाबाट संस्थानले सेवा दिँदै आएको छ।

नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ' भनेर लेखिएको छ तर यो हक कार्यान्वयनका सन्दर्भमा संस्थानले पूर्ण रूपमा काम भने गर्न सकेको छैन। संस्थानको प्रभावकारिता र दिगोपन धेरै हदसम्म यसको अभिभावक खानेपानी मन्त्रालयको नीतिगत स्पष्टता, बजेट प्राथमिकता र संस्थागत मार्ग दर्शनमा निर्भर रहन्छ। सेवा प्रदायक संस्थालाई नजिकबाट नियाल्नु, आवश्यक निर्देशन दिनु, बजेट व्यवस्थापनलाई परिणाममुखी बनाउनु तथा दीर्घकालीन पूर्वाधार विकासका लागि रणनीतिक योजना निर्माण गर्नु मन्त्रालयको मूल दायित्व हो। संस्थानभित्रका पुराना समस्या जस्तैः राजस्व सङ्कलन, पूर्वाधार मर्मत, योजना विस्तार तथा सेवा गुणस्तरमा अबका दिनमा ध्यान दिनु पर्छ।

सरकारको 'एक घर एक धारा' नीति कार्यान्वयन गर्न पर्याप्त पुँजी आवश्यक पर्छ। आव २०८२/८३ का लागि ८० करोड ४६ लाख रुपियाँ संस्थानलाई विनियोजन गरिएको छ। यसले समयानुकूल स्वच्छ खानेपानीको वितरण तथा विस्तारमा कठिनाइ उत्पन्न हुनुका साथै पुँजीको अभाव देखिएको छ। कुनै एक महानगर वा नगरपालिकाको केही वडामा मात्र स्वच्छ, शुद्ध खानेपानी वितरणका लागि पूर्वाधार विकास गर्न न्यूनतम २५ करोड रुपियाँसम्म आवश्यक पर्छ। यस्तो अवस्थामा 'एक घर एक धारा' अभियानलाई अगाडि बढाउन कठिन हुन्छ।

खानेपानीको पूर्वाधारमा लगानी गर्नु भनेको दीर्घकालीन सामाजिक तथा आर्थिक प्रतिफलसँग प्रत्यक्ष जोडिएको विषय हो। सुरक्षित पानीको पहुँचले स्वास्थ्य खर्च घटाउने, उत्पादकत्व बढाउने र सहरी जीवनस्तर सुधार्छ। त्यसैले बहुवर्षीय पुँजीगत योजना निर्माण, प्राथमिकतामा आधारित पूर्वाधार विस्तार, संस्थानको वित्तीय तथा प्राविधिक क्षमता अभिवृद्धि, प्रतिस्पर्धी र उत्तरदायी सेवा प्रदायक संस्थाका रूपमा संस्थागत पुनर्संरचना निर्माणलगायत कार्यलाई प्राथमिकता दिन जरुरी छ।

संस्थानअन्तर्गतका शाखाहरूलाई स्वायत्त संस्थाको रूपमा स्थापना गरिएको छ। यसको उदाहरणमा काठमाडौँ उपत्यका खानेपानी लिमिटेड रहेको छ। यसपछि भरतपुर, हेटौँडा र धरान शाखा क्रमैसँग बोर्डका रूपमा स्थापना भएका छन्। यी बोर्ड महानगरपालिकाअन्तर्गत रहेका छन्। यसले स्वाभाविक रूपमा जनशक्तिदेखि संस्थानको आकारलाई घटाएको छ। दक्ष जनशक्तिको संस्थानमा अभाव परेको छ। शाखागत भौगोलिक विकटताले पनि संस्थान विभिन्न चपेटामा परिरहेको छ। पानीको मुहान सुक्नेदेखि तराई क्षेत्रमा भएको खडेरीले संस्थानमा चौतर्फी दबाब सिर्जना भएको छ। जलवायु परिवर्तनको असर खानेपानी क्षेत्रमा पनि स्वाभाविक रूपमा पर्छ नै। यसले संस्थानको स्वच्छ खानेपानी वितरणमा सङ्कट पैदा गरेको छ। दीर्घकालीन रूपमा समस्याको समाधान गर्न खानेपानी संस्थानले रचनात्मक कदम चाल्नु पर्छ।

विश्व परिवेश र मानव सभ्यतामा जसले सहकार्य गर्छ, उसले आफूलाई मात्र केन्द्रमा राखेको पाइँदैन। हातेमालो गर्दा आफूले पाउने सेवा र सुविधा खोसिन्छ भन्ने मान्यता राख्नु हुँदैन। नत्र सहकार्यको भावना हराउँछ। यस तथ्यलाई मनन गरी संस्थानमा काम गर्ने सम्पूर्ण कर्मचारी, सञ्चालक समिति व्यवस्थापन तथा तालुक मन्त्रालय संस्थानको उन्नति, प्रगति र खानेपानी वितरणको दायरा फरकिलो बनाउन अग्रसर हुनु पर्छ। उपभोक्तासँग सहकार्य नगर्दासम्म विश्वास लाग्ने सेवा प्रवाह गर्न कठिन हुन्छ। संस्थानमा पारदर्शिता, जवाफदेहिता, मितव्ययिता र कर्मचारीमैत्री काममा व्यवस्थापन अघि बढ्नु पर्छ।

संस्थानले स्थापनाको ३७औँ वार्षिकोत्सवका शुक्रबार मनाउँदै छ। यस अवसरमा संस्थानले आगामी दिनको यात्रा कसरी र कुन रूपमा अघि बढाउने हो, त्यसको तयारी गर्नु जरुरी छ। नीति, नियमका साथै ऐनले कुनै ठाउँमा अवरोध गरेको छ भने त्यसलाई पनि सच्याउनु पर्छ। संविधानप्रदत्त जनताको स्वच्छ खानेपानीको अधिकार र सरकारको घर घरमा धारा पुऱ्याउने लक्ष्य साकार पार्नु पर्छ। पानी जीवन हो। पानीबिना मानव जीवनको कल्पना नै गर्न सकिँदैन। स्वच्छ र सुरक्षित खानेपानीको महत्व त झन् बढी छ। त्यसैले सहरी मात्र होइन, ग्रामीण भेगका जनताको स्वच्छ र सुरक्षित खानेपानीको अधिकार सुनिश्चित हुने गरी संस्थानले काम गर्न सक्नु पर्छ। ग्रामीण भेगका लाखौँ मानिस स्वच्छ र सुरक्षित खानेपानीको अभावमा अहिले पनि जीवन गुजारिरहेका छन्। यसमा सरोकारवाला सबैले सघाउनु आजको आवश्यकता हो। गोपबाट

# एक दिनमा कति अण्डा खाने ? के-के पोषक तत्व पाइन्छ ?

'दैनिक एउटा स्याउको सेवनले डाक्टरलाई टाढा राख्छ' स्वस्थ्य खानपानका विषयमा उदाहरण दिनुपर्दा सबैभन्दा बढी भनिँदै आइरहेको भनाइ हो यो।स्याउ पोषिलो खानेकुरा रहेको र यसले मानिसलाई स्वस्थ राख्न मद्दत गर्ने भएकाले बिरामी भएर डाक्टरकहाँ जानुपर्दैन अवस्था नआउनसक्छ भनेर नै यो भनिँदै आइरहेको हो।

तर अण्डा चाँही कति खाने त ? अण्डाका विषयमा स्याउको जस्तो एक दिनमा एउटा भन्ने भनाइ पनि छैन। त्यसो भए एक दिनमा कति अण्डा खाँदा राम्रो होला त ?

पोषणविदहरुका अनुसार व्यक्तिको उमेर, जीवनशैली, तौल, स्वास्थ्य अवस्था लगायतका कुरा अनुसार कति अण्डा खाने भन्ने कुरा निर्भर रहन्छ।

बच्चा, वयस्क र वृद्धावस्था अनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ। यसका साथै बिरामी वा स्वास्थ्य अवस्था अनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ।

सामान्यतय स्वस्थ वयस्क व्यक्तिले दिनमा २ अण्डा खान उपयुक्त मानिन्छ। अण्डामा कोलेस्टेरोल पनि हुने भएकाले स्वस्थ वयस्क व्यक्तिले कुनै दिन अन्य खानाको स्रोतबाट धेरै कोलेस्टरोल लिएको भएमा एउटा मात्र अण्डा खाँदा राम्रो मानिन्छ।

उच्च कोलेस्ट्रोल भएकाहरूले हप्तामा ४ देखि ५ वटा अण्डाभन्दा बढी नखान सुझाव दिइन्छ।

बच्चा र किशोरको हकमा पनि दिनमा १-२ अण्डा खान सुझाब दिइन्छ। यसका साथै उनीहरूको समग्र खानपान सन्तुलित हुनुपर्ने विषयमा पनि उत्तिकै ख्याल राख्नुपर्छ।

गर्भवती महिलाले चिकित्सक तथा पोषणविद्को सल्लाहमा दिनमा एक देखि दुई वटा अन्डा सेवन गर्न सक्छन्।



अण्डा प्रोटिनको राम्रो स्रोत हो र सन्तुलित खानाको लागि उपयुक्त छ। तर, अण्डाको पहेँलो भागमा कोलेस्ट्रोल धेरै हुन्छ, जुन प्रति अण्डा करिब २०० मिलिग्राम हुन्छ। सामान्यतया एक दिनमा खानामार्फत् ३०० मिलिग्रामभन्दा बढी कोलेस्ट्रोल लिनु हुँदैन। त्यसैले, धेरै अण्डा मात्र खाने बानी बसाल्नु राम्रो होइन। तर, धेरै खान नहुने  भनेर अण्डा पूरै छोड्नु पनि पर्दैन।

अण्डामा प्रोटिन मात्र होइन, भिटामिन डी, आइरन र अन्य उपयोगी पोषक तत्वहरू पनि पाइन्छ।

धेरै परिश्रम गर्ने, जीम तथा भारी मात्रामा व्यायाम गर्नेहरुले पनि दिनमा दुई वा त्यो भन्दा बढी अण्डा खानुपर्ने भएमा पोषणविद वा चिकित्सकहरुको सल्लाह लिएर मात्र खानुपर्छ।

यदि तपाईं सामान्यभन्दा बढी अण्डा खान चाहनुहुन्छ भने, अण्डाको पहेँलो भाग नखानुहोस्। यसले कोलेस्ट्रोलको मात्रा कम गर्छ। यद्यपि, अण्डाको धेरैजसो पोषक तत्व पहेँलो भागमा हुन्छ, त्यसैले त्यो नखाँदा तपाईंले केही पोषण गुमाउन सक्नुहुन्छ। तर, कम्तीमा तपाईं बिहानको खानामा केही अतिरिक्त अण्डा खान सक्नुहुन्छ।

**अण्डाको पोषक तत्व**

पहेँलो भागमा पाइने पोषक तत्वहरूः

कोलेस्ट्रोलः प्रति अण्डामा करिब २०० मिलिग्राम कोलेस्ट्रोल हुन्छ। स्वस्थ व्यक्तिका लागि यो सामान्य भए पनि उच्च कोलेस्ट्रोल भएकाले कम खानुपर्छ।

भिटामिन डीः हड्डी र रोग प्रतिरोधी क्षमता बलियो बनाउन मद्दत गर्छ। यो सूर्यको किरणबाहेक कम खानेकुरामा पाइन्छ।

भिटामिन एः आँखाको स्वास्थ्य र छालाका लागि महत्वपूर्ण।

भिटामिन बी १२ः स्नायु प्रणाली र रक्तकोष निर्माणमा सहयोगी।

कोलिनः मस्तिष्कको विकास र सम्झने शक्तिका लागि आवश्यक। यो गर्भवती महिलाहरूका लागि विशेष लाभकारी छ।

आइरनः रक्तअल्पता (एनीमिया) बाट बचाउन मद्दत गर्छ।

स्वस्थ बोसोः पहेँलो भागमा मोनोअनसेचुरेटेड र सेचुरेटेड फ्याट हुन्छ, जुन ऊर्जाका लागि उपयोगी छ।

**सेतो भागमा पाइने पोषक तत्वहरूः**

प्रोटिनः उच्च गुणस्तरको प्रोटिन (लगभग ३.६ ग्राम प्रति अण्डा) मांसपेशी निर्माण र मर्मतका लागि महत्वपूर्ण।

कम क्यालोरीः सेतो भागमा कोलेस्ट्रोल र बोसो हुँदैन, त्यसैले तौल नियन्त्रण गर्न चाहनेहरूका लागि उपयुक्त हुन्छ।

# रूपाली होलीलाई निरन्तरता दिँदै रूपालवासी



महेन्द्रनगर । डडेल्धुराको रूपालबाट बसाइँ सरी कञ्चनपुरको विभिन्न स्थानमा छरिएर रहेका रूपाली समुदायका नागरिकले पम्परागत रूपाली होलीलाई धुमधामका साथ मनाइरहेका छन् ।

फागु पूर्णिमाको तीन दिनअघिदेखि सुरु भएको रूपाली होली कञ्चनपुरको भीमदत्त नगरपालिका, बेदकोट नगरपालिकाका साथै अन्यत्र पनि सुरु भइसकेको छ ।

दशकौँदेखि सुदूरपश्चिममा समुदाय विशेषले मनाउने रूपाली होलीको रौनक बढेको भीमदत्त नगरपालिका-१८ का स्थानीय लोकबहादुर ठकुराठीले जानकारी दिए ।

सो बसोबास गर्ने नागरिकलाई ‘रूपालवासी’ भनेर स्थानीय भाषामा चिनिन्छ। रूपाली समुदायले तराईभरेयता नियमित रूपमा पम्परागत होलीलाई निरन्तरता दिँदै आएका छन् । “रूपालीहरू बीचको एकता र रङ्गीन पर्वसँग जोडिएको होलीका आफ्नै पम्परागत मान्यता छन्”, ठकुराठीले भने-“हाम्रो नयाँ पुस्ताले पनि यसलाई आत्मसात् गर्दै अघि बढेको छ ।”

निर्वाचनको बेला भएर पनि रूपाली होलीको रौनक घटेको छ । वसन्त ऋतु र नयाँ वर्षको पूर्वसन्ध्यामा रङ्गीन पर्व होलीको उल्लास बढिरहेका बेला रूपाली होलीको ४८ पुस्ताभन्दा बढी लामो इतिहास सुदूरपश्चिममा रहेको छ ।

“सुदूरपश्चिममा मात्रै समुदायपिच्छे होली खेल्ने र मनाउने धेरै तौरतरिकाहरू छन्”, उनले भने-“रूपाली होलीको आफ्नो छुट्टै विशिष्ट पहिचान र संस्कृति छ ।”

रूपाली होली समिति निम्बुखेडाका अध्यक्ष बासुदेव भट्टले परम्परागत शैलीमा खेलिने होली रूपाली समुदायका हरेक उमेर समूहका मानसिक गोलबद्ध भएर देउडा शैलीमा खेल्ने गरेको बताए ।

“मुलुक निर्वाचनमय भए पनि रूपाली समुदाय पनि होलीमय छ,” उनले भने-“हरेक उमेर समूहका युवायुवती, महिला पुरुष तथा बालबालिका होली धुमाधामका साथ मनाउँदैछन् ।”

रूपाली होली धार्मिक मान्यतालाई कायम राख्दै आफ्नै पहाडिया शैलीमा परम्परागत भाकामा देउडा गाएर होली मनाइन्छ । रूपाल होली समितिले वर्ष एकादशमीका दिनदेखि प्रसिद्ध बैजनाथ मन्दिरबाट सुरु गरिने होली पूर्णिमाका दिन सोही मन्दिरमा गएर समापन गर्ने चलन छ ।

“निम्बुखेडाको शिव गौरा मन्दिर र गोवरियामा बैजनाथ मन्दिरबाट एकसाथ होली सुरु भएको छ”, भट्टले भने-“जागिर र अन्य सिलसिलामा विभिन्न ठाउँमा छरिएर रहेका रूपाली होली पर्वमा भमघट हुने हुनाले होली पर्वलाई एउटा भेटघाटको पर्व पनि लिन्छौँ ।”

होली खेलेर प्राप्त रकम विभिन्न विकास निर्माण तथा धार्मिक निर्माणमा खर्च गर्ने गरिएको छ। होलीका गीतको माध्यमबाट विभिन्न धार्मिक भजन गाएर पनि रूपाली रमाइलो गर्ने गर्ने प्रचलन छ। त्यसका साथै ‘फगुवा’हरूलाई हरेक रूपालीको घरमा विशेष सम्मान दिइने गरेको छ । होलीबाट सङ्कलित रकमले मन्दिर निर्माणलगायत सामाजिक कार्यमा खर्च गरिने भट्टले जानकारी दिए ।

“जसको घरमा बिहे र सन्तान भएको उसले फगुवालाई होलीका मौकामा विशेष भोजन गराउने चलन छ”, उनले भने-“यो एउटा परम्पराको निरन्तरता पनि हो ।” डडेल्धुराको रूपालबाट विसं २०१७ देखि तराईमा बसाइँसराइ गर्ने क्रम सुरु रूपाली अगुवाको भनाइ छ ।

हरेक वर्ष फागुपूर्णिमामा मनाइने होलीले आध्यात्मिक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक महत्तव बोकेको छ । “पुस्तौँदेखिको होलीमा अहिलेका युवा पिँढीको उपस्थिति पनि उल्लेख छ”, उनले भने-“होलीलाई निरन्तरता र संरक्षणका लागि रूपाली समाज क्रियाशील छ ।”

# प्रभावकारी बन्दै विद्यालयमा ‘शून्य फोहोर कार्यक्रम’



जानकी (बाँके) । नेपालगञ्ज उप-महानगरपालिकाभित्रका विभिन्न विद्यालयमा सञ्चालित ‘शून्य फोहोर कार्यक्रम’ प्रभावकारी बन्दै गएको छ ।

सरोकारवालाले कार्यक्रमको प्रभावकारिताको विषयमा अनुगमन गर्ने क्रममा विद्यालय तथा विद्यार्थीहरूमा फोहोर व्यवस्थापन, फोहोरको वर्गीकरण र वातावरणमैत्री व्यवहारमा सकारात्मक परिवर्तन देखिएको बताएका हुन् । विद्यालयहरूमा ‘रिड्युस, रियुज र रिसाइकल’ को अभ्यास, प्लास्टिक न्यूनीकरण तथा विद्यार्थीहरूमा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि भएको पाइएको जनाइएको छ ।

कार्यक्रम सञ्चालित श्री देउतादिन माध्यमिक विद्यालय, नारायण मावि, धम्बोजी मावि, सरस्वती मावि, दारुल उलम बर्सातिया मावि, ज्ञानोदय विद्या निकेतन र फुलटेक्रा माविमा अनुगमन गरिएको थियो । नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले कार्यक्रमले विद्यालयस्तरबाटै दिगो वातावरणीय अभ्यासको सुरुआत गरिएको उल्लेख गर्दै यसलाई दीर्घकालीन रूपमा निरन्तरता दिन आवश्यक रहेको बताए ।

शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापाले विद्यार्थीमार्फत विद्यालय र समुदायसम्म सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे । सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशीले कार्यक्रममार्फत् विद्यालयमा देखिएको सुधार उत्साहजनक रहेको भन्दै आगामी दिनमा थप विद्यालयमा कार्यक्रम विस्तार आवश्यक रहेको जनाए ।

सो कार्यक्रमअन्तर्गत विद्यार्थीलाई फोहोर तथा फोहोरसम्बन्धी अभ्यासहरुको परिचय, फोहोर वर्गीकरण यसको बुझाइ, ‘थ्री आर’ विधि, फोहोरबाट कम्पोष्टको उत्पादन, फोहोर जलाउँदा हुने असरहरु, विद्युतीय फोहोर व्यवस्थापन र फोहोर र जलवायु परिवर्तनको विषयमा कक्षा सञ्चालन गरिएको छ ।

यसबाट विद्यालय परिसर सफा, स्वच्छ र वातावरणमैत्री बन्न सहयोग पुगेको सरोकारवालाहरूको भनाइ छ । विद्यालयमा शून्य फोहोर अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन भएमा स्थानीय तहको समग्र वातावरण व्यवस्थापनमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

द कोकाकोला फाउन्डेसनको आर्थिक सहयोगमा बास नेपाल र स्वच्छ सफा नेपालद्वारा सञ्चालित ग्रिन नेपालगञ्ज सामुदायिक फोहोर रुपान्तरण परियोजनाअन्तर्गत सञ्चालित विद्यालयमा शून्य फोहोर कार्यक्रमको आइतबार अनुगमन गरिएको हो ।

अनुगमनमा नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्मा, शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापा, सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशी, बास नेपालका केन्द्रीय अध्यक्ष शिवकुमार वर्मालगायत सहभागी थिए ।

# सुनचाँदीको मूल्य बढ्यो




काठमाडौँ । स्थानीय बजारमा सोमबार सुन र चाँदीको मूल्यमा वृद्धि देखिएको छ ।

आइतबार सुन प्रतितोला रु तीन लाख २० हजार ५०० मा कारोबार भएकोमा सोमबार बढेर रू तीन लाख २६ हजार १०० पुगेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

त्यस्तै, चाँदी आइतबार प्रतितोला रु पाँच हजार ९८५ मा खरिदबिक्री भएकोमा प्रतितोला रु छ हजार २० मा खरिदबिक्री हुनेछ। अन्तरराष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔंस पाँच हजार ३६२ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।

# दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाइने

बुटवल । सरकारले निर्वाचनलाई मध्यनजर गर्दै पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाउने निर्णय गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यसका लागि सार्वजनिक बिदाका दिनमा समेत आयात-निर्यातसम्बन्धी कार्य सञ्चालन गर्ने निर्णय गरेको हो ।



नियमित अनुगमन प्रक्रियालाई प्रभावकारी तुल्याई अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुन नदिने व्यवस्था मिलाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ ।

पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमले सार्वजनिक बिदाका दिनमा समेत बिक्री डिपोहरू खोल्ने व्यवस्था मिलाउने र सोको अग्रिम जानकारी सम्बन्धित सबैलाई दिने, इण्डियन आयल कर्पोरेशनसँग समन्वय गरी हाल भइरहेको आयात र वितरणलाई थप व्यवस्थित तुल्याउने जनाएको छ ।

पेट्रोलियम पदार्थका बिक्रेताहरूबाट सवारीसाधनमा भर्नेबाहेक भण्डारण गर्ने प्रयोजनका लागि इन्धन उपलब्ध नगराउने, डिलर तथा बिक्रेताहरूको नियमित अनुगमन गरी मौज्दात विवरण सङ्कलन तथा अद्यावधिक गर्ने र पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति निरन्तर भइरहेको हुँदा अनावश्यक भण्डारण गरेर नराख्न सर्वसाधारण सबैलाई अनुरोध गर्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले खाद्यान्न तथा नुनको सहज आपूर्तिका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनलाई निर्देशन दिने निर्णय गरेको छ । अत्यावश्यक खाद्यान्न तथा नुनको सहज आपूर्ति व्यवस्थालाई निरन्तरता दिने र आफू मातहतका गोदामहरूमा भएको मौज्दातको विवरण सङ्कलन तथा अद्यावधिक गर्ने निर्णय मन्त्रालयले गरेको छ ।


## तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि.

**भाखा नाघेको ऋण चुक्ता गर्न आउनेबारे १५ दिने अत्यन्त जरुरी सूचना**

**दोस्रो पटक प्रकाशन मिति : २०८२।११।१९**

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासंग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तीर्न बुझाउन नआई आलटाल गरेको र तीर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले १ ५ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ । अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत असुल उपर गरिने व्यहोरा अवगत गराइन्छ ।

**तपसिल**

| | |
|---|---|
| ऋणी सदस्यको नाम : | तारा कुमारी श्रेष्ठ |
| ऋणी सदस्यको पतिको नामः | घनश्याम श्रेष्ठ |
| ऋणी सदस्यको ससुराको नामः | मिन कुमार श्रेष्ठ |
| ऋणी सदस्यको ठेगाना : | बुटवल -११, रुपन्देही |
| सदस्यता नं. : | ८१३ |
| ऋणको शीर्षक : | व्यवसाय कर्जा |
| धन जमानी दिनेको विवरण : | घनश्याम श्रेष्ठ |

**धितोको विवरण**

अर्घाखाँची जिल्ला अर्घातोष वडा नं ४ साबिक रुपन्देही न.पा वडा नं. ११ बस्ने मिन कुमार श्रेष्ठको बुहारी घनश्याम श्रेष्ठको श्रीमती वर्ष ३५ की तारा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय रुपन्देही मा दर्ता श्रेष्ता कायम भएको रुपन्देही जिल्ला साविक पर्रौहा गा.पा वडा नं १ को हाल सैनामैना न.पा वडा नं ४ कि.नं १०२८ क्षे.फ ०-०-७.७५-० बिगाको जग्गा कित्ता -१ तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि. बुटवल- ९ तीनकुने रुपन्देही ०७१-५३०६७५ फोन ।



## Sandhikharka Municipality
Office of Municipal Executive
**Sandhikharka, Arghakhanchi**

**Invitation for Electronic Bids**

**Date of publication: 2082/11/19 (3rd March, 2026)**

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period |
|---|---|---|---|---|---|
| NCB/SM/R/P/ 33/2082/83 | Sandhikharkha 1,2,7 & 11 Different Road Maintenance Works | 48,65,055.28 | Rs.3000.00 | 1,48,000.00 | 120 days |
| SQ/SM/W/P/ 34/2082/83 | Falephat ,Khopidanda Bandarkhutta Khelmaidan Sandhikharka -09, Arghakhanchi | 9,73,491.88 | Rs.1000.00 | 30000.00 | 75 days |

| | For Tender no. NCB/SM/R/P/ 33/2082/83 | For Tender no. SQ/SM/W/P/ 34/2082/83 |
|---|---|---|
| Last date of Bid Submission:- | 2026/04/02 (2082/12/19) 12:00 Noon. | 2026/03/18 (2082/12/04) 12:00 Noon. |
| Bid Open:- | 2026/04/02 (2082/12/19) 1:00 PM. | 2026/03/18 (2082/12/04) 1:00 PM. |

**Information to deposit the cost in the Bank:**

| | |
|---|---|
| **Name of the Bank:** | Rastiya Banijya Bank, Sandhikharka, Arghakhanchi |
| **Name of Office:** | Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi |
| **Rajaswa (Internal revenue) Account no:** | 3050100301010002 (For Bid Document) |
| **Rajaswa (revenue) Shirshak no:** | 14229 |
| **Name of Office Account:** | SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR |

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**होलिको रौनक :**
नेपाली हिन्दुहरूको महान पर्व फागुपूर्णिमा(होली)को अवसरमा बुटवलको मुख्य बजार क्षेत्र अमरपथ हाटबजारलाइनमा होलिका रंग, टिसर्टलगायतका सामग्रीहरू बिक्री गर्दै व्यवसायी। तस्विर : डीबी टण्डन(विजय)

# आयल निगमले भन्यो– पेट्रोलको अनावश्यक स्टोर नगर्नू




बुटवल । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको सहज आयात र बिक्री वितरण भइरहेको बताउँदै अनावश्यक स्टोर नगर्न उपभोक्तालाई आग्रह गरेको छ।

सोमबार निगमका कार्यकारी निर्देशक चण्डिका भट्टले पेट्रोलियम पदार्थको नियमित आयात भइरहेको हुँदा अनावश्यक स्टोर गरेर जोखिम नबढाउन आग्रह गरेका हुन्।

'पेट्रोलियम पदार्थको आयात पाइपलाइनमार्फत् नियमित रूपमा भइरहेको छ,' उनले भने-'आसन्न निर्वाचनको समयमा पनि पर्याप्त मात्रामा पेट्रोलियम पदार्थको आयात जारी रहनेछ।'

उनले पेट्रोलियम पदार्थ ड्रम वा क्यानमा स्टोर गर्दा जोखिम बढ्ने भन्दै सचेत गराएका छन्।

'पेट्रोलियम पदार्थको अनावश्यक रूपमा जर्किन, ड्रममा स्टोर गर्दा हुनसक्ने सम्भावित आगजन्य दुर्घटनाको जोखिमलाई मध्यनजर गरी जेरी क्यान, ड्रममा पेट्रोलियम पदार्थ भर्न निषेध गरिएको छ।'-उनले भने।

सम्भावित आगलागीजन्य दुर्घटनाको जोखिम न्यूनीकरण गर्न आवश्यक परिमाणमा मात्र पेट्रोलियम पदार्थ खरिद गर्न निगमले आग्रह गरेको छ।

# मतदान नसकिँदासम्म के गर्न पाइँदैन ?



बुटवल । फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सोमबार (फागुन १८) मध्यरातबाट चुनावी प्रचारप्रसार गर्न पाइँदैन। मध्यरातपछि विशेष आचरण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आचारसंहितको दफा १७ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणको व्यवस्था गरिएको छ। यो राजनीतिक दलका पदाधिकारी, उमेदवार तथा दलको भातृ संगठन वा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने हुन्छ।

यस अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तक्रिया, सभा-सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन।

मतदान हुने दिनको ४८ घण्टाअघि मतदानस्थलको ३०० मिटरवरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने आचारसंहितामा जनाइएको छ।

कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइँदैन।

"सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा सेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने," दफा १७ को (घ) मा भनिएको छ।

अचारसंहितको दफा १८ मा मतदानको दिन पालना गर्नुपर्ने आचरण उल्लेख छ। जसमा मतदान केन्द्रमा राजनीतिक दल वा उमेदवारको प्रतिनिधिले निर्वाचन चिह्न वा मत संकेत भएको पहिरन वा ब्याज लगाउन नहुने उल्लेख छ।

मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उमेदवारको पहिचान देखिने एकै किसिमको सांकेतिक पोसाक र चिजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने भनिएको छ।

कुनै किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने व्यवस्था छ।

तर, हिँड्डुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपांगता भएका व्यक्ति, हिँड्डुल गर्न नसक्ने जेष्ठ नागरिकजस्ता मतदाताका लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा नपर्ने जनाइएको छ।

मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने आचारसंहितामा उल्लेख छ।

# सार्वजनिक बिदामा पनि बैंक खोल्न राष्ट्र बैंकको निर्देशन




बुटवल। निर्वाचन र चाडपर्वका बेला आर्थिक कारोबार ठप्प हुन नदिन र सरकारी राजस्व संकलनलाई सहज बनाउन केन्द्रीय बैंकले विशेष व्यवस्था गर्ने गरेको छ।

विशेष गरी निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारहरूको बैंकिङ कारोबार बढ्ने भएकाले सार्वजनिक बिदाका दिन पनि बैंकका काउन्टरहरू खुला राख्ने अभ्यास रहँदै आएको छ।

यसै सन्दर्भमा, नेपाल राष्ट्र बैंकले आगामी सार्वजनिक बिदाका दिनहरूमा पनि बैंकिङ सेवा सुचारु राख्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले एक परिपत्र जारी गर्दै होली पर्व र २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनका दिन समेत बैंकका कार्यालयहरू खुला राख्न भनेको हो।

राष्ट्र बैंकका अनुसार सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरूले राजस्व दाखिला र भुक्तानीको व्यवस्था मिलाउनुपर्नेछ। 'निर्वाचन प्रचारप्रसारका लागि खोलिएका खाताहरूको सञ्चालन, राजनीतिक दल तथा उम्मेदवारहरूको नगद वा चेक जम्मा र भुक्तानी लगायतका अत्यावश्यक सेवा रोकिनु हुँदैन।'- राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ।

आयोगले तोकेको खर्च सीमाभित्र रहेर उम्मेदवारहरूले गर्ने खर्चको पारदर्शी अभिलेखका लागि बैंक खाता अनिवार्य गरिएको छ।

बिदाको दिनमा पनि नेपाल क्लियरिङ हाउसमार्फत् हुने विद्युतीय चेक क्लियरिङ र आरटिजीएस सेवालाई आंशिक रूपमा सुचारु राख्न समन्वय गरिएको छ।

फागुन मसान्त नजिकिँदै गर्दा सरकारी कर र भन्सार राजस्व बुझाउने चापलाई मध्यनजर गर्दै 'काउन्टर' हरू तोकिएको समयसम्म खुला रहनेछन्। बैंकहरूले आफ्ना मुख्य शाखाहरू र बढी कारोबार हुने केन्द्रहरूमा कर्मचारी खटाएर बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म सेवा उपलब्ध गराउनुपर्नेछ।

# सिधा सडकले जोडियो ढोरपाटन-तकसेरा




ढोरपाटन (बागलुङ)। बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा गाउँ सिधा सडक सञ्जालमार्फत जोडिएको छ। बागलुङको निसीखोला गाउँपालिका-५ निसेलढोर हुँदै रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकास्थित तकसेरा गाउँ सिधा सडक सञ्जालले जोडिएको हो।

दुबै जिल्लाबाट सडक निर्माण गर्दै आएको हुँदा निसेलढोर नजिकै रहेको मनिमर्फेस भन्ने स्थानमा जोडिएको ढोरपाटन नगरपालिका-९ का वडा अध्यक्ष खिमबहादुर घर्ती मगरले जानकारी दिए। लामो समयदेखि रोकिएको काम ढोरपाटन सिकार आरक्ष कार्यालयले अनुमति दिएपछि सडक जोडिएको उनको भनाइ छ।

सडकले दुई जिल्ला जोडेपछि अब पश्चिम बागलुङ र पूर्वी रुकुमको यात्रा छोटिएको छ। यसभन्दा अगाडि नै बुर्तिबाङ बजारदेखि निसेलढोर जोडिएको थियो। एक दशकअगाडि निसेलढोर सडकले जोडिए पनि त्यसभन्दा माथि पुग्न सकेको थिएन।

बुर्तिबाङ-ढोरपाटन ३१ किलोमिटर र ढोरपाटन-तकसेरा ३७ किलोमिटर रहेको वडाध्यक्ष घर्ती मगरले बताए।

उनले भने-"अब बुर्तिबाङदेखि ६८ किलोमिटर दूरी पार गरेपछि तकसेरा पुग्न सकिने छ, यसभन्दा अगाडिसम्म तकसेराका स्थानीय मध्यपहाडी लोकमार्ग हुँदै रुकुमको काँक्रीबाट लामो दूरीको यात्रा गर्नुपर्ने अवस्था थियो, ढोरपाटन हुँदै सडक जोडिएपछि दूरी छोटियो।"

ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख धनबहादुर कायतले लामो समयको प्रयासपछि ढोरपाटन-तकसेरा सडक जोड्न सफल भएको बताए।

सिकार आरक्षले अनुमति नदिँदा धेरै वर्षदेखि सडक निर्माण रोकिएकामा बल्ल निर्माण पूरा भएको उनको भनाइ छ।

निसेलढोर तिरबाट सडकको 'ट्र्याक' खोल्न चालु आर्थिक वर्षमा रु १२ लाख ५० हजार विनियोजन गरिएको थियो।

सोही बजेटले सडक निर्माण सम्पन्न गरिएको हो। अब तकसेरावासीलाई बागलुङसहित पोखरा र काठमाडौँसम्म पुग्न छोटो हुने र स्थानीय उत्पादन बजारीकरण गर्न सहज हुने उनको भनाइ छ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com